श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय जुम्लाको प्र.जि.अ. श्री सत्यराम श्रेष्ठ तालीममा जानु भएकोले उहाँ फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा नि. से. नि. २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी कर्णाली अञ्चलाधीश कार्यालयका शाखा अधिकृत श्री टेकराज शर्मालाई मिति २०३८।६।८ देखि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, सुनसरीको प्र. जि. अ. श्री पुष्पप्रसाद लुइटेल घर बिदामा बस्नुभएकोले उहाँ बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा नि. से.नि. २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी कोशी अञ्चलाधीश कार्यालयको शाखा अधिकृत श्री मदनप्रसाद श्रेष्ठलाई मिति २०३८।५।१८ देखि २०३८।५।२८ सम्म का. मु. मुकरर गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।